मिति:२०७७।११।१६

## लिलाम सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना:

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट ४ पाङ्ग्रे सवारी साधन(कार) आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५८(६) बमोजिम शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बढाबढ गरी बिक्री गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१(एक्कासइस) दिन भित्र यस अदालतबाट बोलपत्र खरीद गरी २२(बाईसौं) दिन दिनको १२.०० बजे भित्रमा शिलबन्दी बोलपत्र दाखिला गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना www.supremecourt.gov.np र यस अदालतको वेभसाइटमा समेत हेर्न सकिने छ।

तपसिल

| क्र.सं. | सवारी साधन नं. | मोडल<br>सवारी साधनको किसिम | मूल्यांकन समितिले गरेको न्यूनतम मूल्य |
|---|---|---|---|
| १ | बा.१ झ. | इन्डिका GLX, 2008 | रु.२,०५,०००।- |

२०७७।११।१६

दीपक गिरी

शाखा अधिकृत

उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्ज

## शर्तहरु

१. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिदेखि मिति २०७७।१२।८ गते आईतबार सम्म कार्यालय समयभित्र राजश्व दस्तुर रु.१,०००।– आर्थिक प्रशासन शाखामा नगदै दाखिला गरी व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत साथै राखी निवेदन दिई लेखा शाखाबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन मिति २०७७।१२।९ गते सोमबार दिनको १२.०० बजेसम्म बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई शिलबन्दी लाहाछाप गरी लेखा शाखामा दर्ता गराउनु पर्नेछ। बोलपत्रदाताले आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम राष्ट्रिय वाणिज्य बैंक वीरगन्ज शाखा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साको एकल धरौटी खाता नं. १२५०१००१०२०३०००० कार्यालय कोड नं. २०४९१२२०१ मा जम्मा गरी दोस्रो प्रति भौचर सहितको बोलपत्र पेश गर्नुपर्नेछ।

३. दर्ता भएका बोलपत्रहरु सोही दिन मिति २०७७।१२।९ गते सोमबार दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस अदालतको प्रतिनिधिहरुको रोहवरमा यस अदालतमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने दाखिला गर्ने अन्तिम दिन सार्वजनिक वाद परेमा उक्त कार्यहरु विदाको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. बोलपत्र दररेट अंक र अंक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा लेखिएकोमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ।

५. म्याद नाघी आएका, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

६. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

७. बोलपत्र खोली कारवाही भएपछि बाँकी ९०% रकम जम्मा गरी ७ दिनभित्र उक्त सामान जे जस्तो अबस्थामा छ, सोही अबस्थामा लगि सक्नु पर्नेछ। ७ दिनभित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत हुनेछ।

८. न्यूनतम मूल्य भन्दा कम मूल्यमा लिलाम कबोल गर्न पाईने छैन।

९. लिलाम हुने सवारी साधन प्रचलित कानून बमोजिम नेपाल सरकारको नीति विपरीत नहुने गरी प्रयोग गर्न पाईने छ।

१०. लिलाम हुने सामान हेर्न चाहाने व्यक्तिले यस अदालतको लेखा शाखामा कार्यालय समयमा सम्पर्क गर्नुपर्नेछ।

११. लिलाम सकार गराउने नगराउने सम्बन्धी अन्तिम अधिकार यस अदालतलाई हुनेछ।

१२. यस सम्बन्धी थप कुराहरु बुझ्नु परेमा कार्यालय समयमा लेखा शाखामा सम्पर्क गर्न सकिने छ।

२०८०।११।१६